प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री दाङ पोलिटेक्निक इन्स्टिच्यूट तुलसीपुर उ.म.न.पा. वडा नं. ६, तुलसीपुर, दाङको नाममा सम्बन्धन/स्वीकृत प्रमाण-पत्र तह मेडिकल ल्याब टेक्नोलोजी, प्रि-डिप्लोमा तहका भेटनरी जे.टि.ए. सिभिल सवओभरसियर र छोटो अवधिका विभिन्न २४ वटा तालीम कार्यक्रम हस्तान्तरण (नामसारी) सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !**

**प्रकाशित मिति २०८०/०७/१९**

यस परिषद्बाट प्रमाण-पत्र तहको मेडिकल ल्याब टेक्नोलोजी, प्रि-डिप्लोमा तहको भेटनरी जे.टि.ए., सिभिल सवओभरसियर र छोटो अवधिका विभिन्न २४ वटा तालीम कार्यक्रमको सम्बन्धन/स्वीकृती लिएको संस्था श्री दाङ पोलिटेक्निक इन्स्टिच्यूट तुलसीपुर उ.म.न.पा. वडा नं. ६, तलसीपुर, दाङले उल्लेखित तालीम कार्यक्रमहरु मध्ये प्रमाण-पत्र तह मेडिकल ल्याब टेक्नोलोजी, प्रि-डिप्लोमा तहको भेटनरी जे.टि.ए., सिभिल सवओभरसियर कार्यक्रमलाई श्री नेपाल संजीवनी इन्स्टिच्यूट अफ हेल्थ साइन्स घोराही उ.म.न.पा. वडा नं. १५, घोराही, दाङमा र विभिन्न छोटो अवधिका २४ वटा तालीम कार्यक्रमहरुलाई श्री दाङ प्राविधिक कलेज तुलसीपुर उ.म.न.पा. वडा नं. ६, तुलसीपुर, दाङको नाममा हस्तान्तरण (नामसारी) गराई पाउँ भनी पेश गरेको निवेदन माथि कारवाही हुंदा यस परिषद् कार्यालयको मिति २०८०/०६/१७ गतेको निर्णयानुसार कार्यक्रम हस्तान्तरण (नामसारी) प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृती कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन मिति २०८०/०७/२४ भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कसैको स-प्रमाण लिखित हकदावी उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भै आए अनुसार प्रकृया अगाडी बढ्ने र म्याद नाघि आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**सम्पर्कका लागि**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८